जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४३/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष १० • अंक १२१ • २०७९ फाल्गुण १० गते बुधवार • 22 Feb. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## भकभकी तातो दुधले नुहाउने चलन



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ९ फाल्गुण

उम्लिरहेको दूधबाट स्नान गरेको सुन्दा जो कोहीलाई अचम्म लाग्न सक्छ। तर यहाँ भकभकी तातो दुधले नुहाउने चलन छ। महोत्तरी लगायत तराई मधेस क्षेत्रका मुसहर समुदायमा भने उम्लिरहेको दूधले नुहाउने परम्परा छ। महोत्तरी लगायत तराई मधेसमा बासोबास गर्ने मुसहर समुदायले पुरानो परम्परा अनुसार यस वर्ष पनि तातो दुधमा स्नान गर्ने पर्व मनाएका छन्।

आफ्नो लोक देवता 'भुइँया महाराज' को पूजाआजा गरि मुसहर समुदायले दुधले नुहाउने गर्दछन्। मुसहर समुदायले वर्षौंदेखि यो परम्परालाई निरन्तरता दिदै आएका छन्। पूजा स्थलमा फूल, प्रसाद, परेवा, तपाउन अर्थात रक्सी, पान, सुपारीसँगै दुईवटा भाँडोमा दूध राख्ने गरिन्छ। आगो बालिएको चुलोमाथि राखिएका ती दुवै

बांकी पृष्ठ २ मा।

## मधेस प्रदेशका आठैवटा जिल्लामा हात्तीपाइले रोगको उच्च जोखिम

जलेश्वरटुडे समाचारदाता
धनुषा, ९ फाल्गुण

मधेस प्रदेशका आठैवटा जिल्ला हात्तीपाइले रोगको उच्च जोखिममा रहेको छ। विश्वमा रहेका हात्तीपाइले रोगीमध्ये धेरै रोगी भारतको विहार, उत्तर प्रदेश, झारखण्ड तथा छत्तिसगढजस्ता राज्यमा भएकाले मधेस प्रदेशसहित तराई मधेसका जिल्ला उच्च जोखिममा रहेको हातीपाइले रोगको औषधि खुवाइने अभियानका स्वास्थ्य अधिकृत एवं संयोजक नागेश्वर यादवले बताए।

जनकपुरधाममा स्वास्थ्य कार्यालय धनुषाले मंगलबार आयोजना गरेको पत्रकार भेटघाटमा स्वास्थ्य अधिकृत शिवजी दासले हाल विश्वमा



७२ देशमा हात्तीपाइले रोगी रहेको बताए। उनका अनुसार ती देशमा पाँच करोड १४ लाख हात्तीपाइले रोगका सङ्क्रमित रहेको विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनमा उल्लेख रहेकाले यस रोगलाई सन् २०३० सम्ममा उन्मूलन गर्ने लक्ष्यसहित सङ्क्रमित मुलुकमा सङ्गठनले निःशुल्करुपमा औषधि प्रदान गरेर अभियान सञ्चालन गरिएको हो। नेपालमा पनि हात्तीपाइले रोगीको सङ्ख्या ३० हजार रहेको र नेपालमा पाइने रोगीमध्ये धेरै रोगी तराई मधेसका जिल्लामा नै हुने अनुमान गरिएको अधिकृत दासले बताए।

मधेस प्रदेशका कतिपय जिल्लामा १० पटकसम्म हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउँदा पनि रोगी फेला पर्न रोकिएको छैन। यस

बांकी पृष्ठ २ मा।

## मिथिला माध्यमिकी परिक्रमालाई कल्यानेश्वर स्थानमा भव्य स्वागत,बुधबार गिरीजास्थान(फुलहर)आइपुग्ने

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ८ फाल्गुण

१५ दिने मिथिला माध्यमिकी परिक्रमालाई कल्यानेश्वर स्थानमा भव्य स्वागत गरिएको छ।

रामजानकी डोलालाई कल्नानेश्वर मन्दिर परिवार तथा स्थानियहरुले फुल,माला अविर तथा फलफुल चढाएर स्वागत गरेका थिए।१५ दिने मिथिला परिक्रमाको भार तमा पर्ने पहिलो विश्राम स्थल कलना नै हो। मेलामा साधुसन्त तथा श्रद्धालु भक्तजनहरुलाई सहयोग गर्न विभिन्न सामाजिक संघसंस्थाहरुले निःशुल्क भोजन,औषधी तथा दाउरा वितरण गरेका थिए। मेलाको भिडलाई व्यवस्थापन गर्न युवा स्वयं



सेवकहरुको परोपकारी भूमिका रहेको देखिएको थियो। त्यसैगरी रामजानकी डोला बुधबार भारतकै गिरीजास्थान(फुलहर) आइपुग्ने छ।

## अध्यक्ष पदका चार उमेदवार प्यानल सहित प्रतिस्पर्धामा

जलेश्वरटुडे समाचारदाता
महोत्ती, ९ फाल्गुण

महोत्तरीको बर्दिवास स्थित बर्दिवास साना शहरी खानेपानी सरसफाई उपभोक्ता संस्थाको आगामी फागुण १४ गत्ते हुन गईरहेको निर्वाचनकालागी अध्यक्ष पदका चार उमेदवार प्यानल सहित प्रतिस्पर्धामा छन भने एक अध्क्षय पदमा मात्र एकल प्रतिस्पर्धामा छन।

चुनाबमा चुडमणी पोखरेल, निरज अधिकारी ,भुलन बहादुर सेन ठकुरी र देबनारायण महतो प्यानल सहित प्रतिस्पर्धामा उत्रिएका छन्। त्यसैगरी भोजराज भट्टराई प्यानल बिनानै अध्क्षय पदमामात्रै चुनाबी प्रतिस्पर्धामा छन। चार प्यानल र एक एकल उमेदवार मध्ये चुडमणी प्यानलले शनिवार



पत्रकार सम्मेलनको आयोजना गरेर आफ्नो प्यानलको चुनावी प्रतिबद्धतापत्र सार्बजनिक गरेको छ भने निरज अधिकारीको प्यानलले बर्दिवासमा आईतवार पत्रकार सम्मेलनको आयोजना गरेको छ।

बाँकी दुई प्यानल भुलन बहादुर सेन ठकुरी र देबनारायण महतो प्यानलले सोमवार छुट्टा छुटै पत्रकार सम्मेलनगरी आफ्नो प्यानलको प्रतिबद्धतापत्र सार्बजनिक गरेको छ। भुलन बहादुर सेनको पत्रकार सम्मेलनमा उनको प्यानलले जिते खानेपानी संस्था भित्रका आर्थिक अपचलन गर्ने कर्मचारी तथा पुर्व संचालक समितीका पदाधिकारी र सदस्यलाई अपचलन गरेको रकम तिराउने बर्दिवास क्षेत्रमा खानेपानीलाई व्यवस्थितगर्न नयाँ आयोजना ल्याईने डिप बोडिङ्ग गाडेर पानी खुवाउने हाल बर्षामा धाराबाट आईरहेको धमिलो पानीलई फिल्टरको माध्यमबाट शुद्धिकरण गर्ने, सरसफाइमा बिशेश

बांकी पृष्ठ २ मा।

## हात्तीपाईले रोग निवारणका लागि राष्ट्रिय आम औषधि सेवन कार्यक्रम (२०७९) बारे जानकारी

हात्तीपाईले रोग मानिसलाई अशक्त, असमर्थ तथा अपाङ्ग बनाउने एक सरुवा रोग हो। यो रोग एक प्रकारको मसिनो जुका जस्तै परजीविले गराउंदछ र यो रोग संक्रमित लामखुट्टेको टोकाईबाट सर्छ। मानिसको शरिरमा यो परजीवि प्रवेश गरेको केही बर्ष पछि मात्र लक्षणहरू देखिन्छन् र लक्षण देखिसकेपछि निको हुँदैन।

***हात्तीपाईले रोगको परजीवि मुक्त हुन के गर्ने ?***

नेपाल सरकारले रोग प्रभावित जिल्लाहरूमा सञ्चालन गर्ने बार्षिक आम औषधि सेवन कार्यक्रममा गई, बर्षको एक पटक, आम औषधी सेवन कार्यक्रम आफ्नो जिल्लामा संचालनमा रहेसम्म लगातार हात्तीपाईले रोग बिरूद्धको औषधि सेवन गर्ने र अरूलाई पनि गराउने।

***यो रोग बाट बच्न कस्तो औषधि सेवन गर्ने र यसले के गर्छ ?***

यो रोगबाट बच्न विश्वभर र नेपालमा धेरैबर्षदेखि प्रयोग हुँदै आइरहेको र सुरक्षित औषधिहरु प्रयोग हुन्छन्। यी औषधिहरूले हात्तीपाईले रोग लागिसकेकाहरूको उपचार हुनुका साथै रोग लाग्नबाट पनि बचाउँछ।

***यो औषधि कस- कसले खानुपर्छ र खान हुँदैन ?***

यस कार्यक्रम सञ्चालन हुने जिल्लाहरूमा यो औषधि खान योग्य सबैले खानुपर्दछ। दुई बर्ष उमेरनपुगेका वालवालिकाहरू, गर्भवती र सात दिन सम्मका सुत्केरी तथा ककछ्यान परेका सिकिस्त विरामीहरुले यो औषधि खानु हुँदैन।

***यो रोग विरुद्धको औषधि कसले दिन्छ र खान कहाँ जानुपर्छ ?***

यो कार्यक्रम लागु भएका जिल्लाहरूमा तालिम प्राप्त स्वास्थ्यकर्मीहरूले सञ्चालन गर्ने तपाँईको घर नजिकैको बुथमा औषधि खान जानुपर्दछ।

***यो औषधि कहिले खाने त ?***

आउँदो २०७९ फाल्गुण महिनाको ११ गते देखि।

***यो औषधि सेवन गर्दा ध्यान दिनुपर्ने केही कुराहरू छन् की ?***

यो औषधि खाली पेटमा खानुहुँदैन। शरीरमा हात्तीपाईले रोगको परजीवि भएका ब्यक्तीहरूमा यो औषधि सेवन गरेपछि सामान्य टाउको दुखाई, वाकवाकी लाग्ने तथा पेट दुख्ने हुनसक्छ। त्यसो भएमा औषधिले प्रभावकारी रूपमा काम गर्दैछ भन्ने बुझ्नु पर्छ। ती लक्षणहरु केहि घण्टामा आफैं हराएर जान्छन्। केही गरी लक्षणहरु लामो समयसम्म रहिरहे नजिकको स्वास्थ्य संस्थामा सल्लाह र उपचारका लागि सम्पर्क गर्नुपर्छ। आम औषधि सेवन कार्यक्रममा यस बर्ष औषधि खुवाईने जिल्लाहरूः झापा, मोरङ, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, रसुवा, बारा, लमजुङ, पर्वत, बागलुङ, कपिलबस्तु, दाङ, बाँके र कैलाली।

***यी जिल्लाहरुमा पटक पटक किन औषधि खानु परेको छ ?***

नेपालका ६३ जिल्ला बाट सुरु गरिएको यो अभियान ४८ जिल्लामा बन्द गरिसकिएको छ तर रसुवामा रगत जांच गरेर हेर्दा रोग देखिएकाले र बाँकि १४ जिल्लामा औषधि खान योग्य सबैले नखाईदिनाले र हरेक दुई दुई बर्षमा रगत जाँच गरि हेर्दा समेत यी जिल्लाका बासिन्दामा रोग को दर नघटेको पाइएकोले यी जिल्लाहरुमा पटक पटक औषधि खानु परेको छ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

## शौचालयको प्रयोग गरौं, संक्रणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडी, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसंग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय ...

# महिलाको आर्थिक पहुँच

*निर्वाहमुखी अर्थतन्त्रबाट अर्थव्यवस्था माथि उक्लन सकेको छैन । स्वदेशमा उत्पादन कमी भएका कारण बर्सेनि व्यापार घाटा बढ्दै गएको छ । निजी क्षेत्र र सहकारीले पनि उत्पादनमा ध्यान दिन सकेको छैन । निजी क्षेत्र पनि उद्योग नखोलेर आयातित सामान बिक्रीमा संलग्न छन । हाम्रो अर्थतन्त्र सङ्कट उन्मुख भएको विषय आजभोलि चर्चामा छ । राजनीतिक व्यक्तित्व र विश्लेषक पनि यस विषयलाई उठाउन थालेका छन्। प्रतिव्यक्ति ऋणमा वृद्धि भएको, त्यस्तै उत्पादनको स्थिति कमजोर हुँदै आएको विषय टड्कारो रूपमा देखा परेका छन ।*

*महिलाको वित्तीय पहुँचका कुरा गर्दा आर्थिक इतिहास हेर्नुपर्ने हुन्छ । तीन दशक अघिसम्म जम्मा दुईवटा वाणिज्य बैङ्क थिए भने आज आएर धेरै सङ्ख्यामा बैङ्क, ६४ लघुवित्त र तिनका शाखा छन । कृषि तथा गैरकृषि क्षेत्रसँग सम्बन्धित करिब ३४ हजारभन्दा बढी सहकारी संस्था छन । वित्तीय संस्थाको कारोबार ग्रामीण क्षेत्रमा पुर्याउन निजी क्षेत्रलाई पनि लघुवित्त सेवा उपलब्ध गराउने नीति सरकारले लिए तापनि सही ढङ्गबाट कार्यक्रम भएको छैन । कतिपय सहकारी सदस्यको ऋणको माग पूरा गर्न नसकी भागेको विषय पनि लगातार आउन थालेको छ । केही बदनियत भएका संस्थाका कारण प्रभावकारी कार्यक्रमससमेत ओझेलमा परेका छन ।*

*वित्तीय संस्थालाई पनि नियमनकारी निकायको विषयको प्रश्न पनि यतिबेला निकै उठेको छ । यस परिवेशमा कृषि र उद्योग क्षेत्रको विकास प्रयास भए पनि आमसीमान्तकृत वर्ग र महिला लाभान्वित हुन सकेका छैनन् । करिब दुई खर्ब रुपियाँको कृषिजन्य वस्तु विदेशबाट आयात भइरहेको छ भने नेपाली उत्पादनलाई बजार समस्या छ । पूर्वाधार विकास यातायातको उपलब्धतामा कमी छ । उत्पादन क्षेत्र कमजोर भएको स्थितिमा स्थानीय तहमा आधारित कार्यक्रमका माध्यमबाट उद्यमशीलाताको विकास गरेमा आयात प्रतिस्थापन गर्न सम्भव हुने हुँदा महिलाको पनि स्रोतमा पहुँच आवश्यक छ ।*

## *झकझकी तातो..........*

भाँडामा दूध उमालिन्छ। त्यहि दुधबाट ३ जना मूल धामी (झाँक्री) ले स्नान गर्ने गर्दछन् । तराई मधेसमा लोपोन्मुख ढोल, करताल र घुँघुर लगायतका सांस्कृतिक तथा परम्परागत बाजागाजाको धुनमा महराई गाउँदै धामीहरूले तातो दूध जिउमा खन्याउने गर्दछन् । पूजास्थलमा बाक्लो उपस्थित रहेका महिलाहरू पनि त्यतिकै रमाइरहेका थिए। उनीहरूले टोली बनाई महराई (विशेष लोक सांस्कृतिक गीत) गाउन व्यस्त थिए । उता तीनै धामीबाट आशिष ग्रहण गर्ने श्रद्धालुहरूको लाभालस्कर त्यतिकै थियो, पूजास्थलमा।मुसहर समुदायकै ललिता सदाका अनुसार मुसहरहरू पारम्परिक रूपले अपतौली पूजा गर्दै आएका बताउँछिन । मुसहरहरू आफूलाई भुइँया महाराजको सन्तति मान्छन्। सदा भन्छिन – भुइँया महाराजले मनकामना पूरा गरेका कारण आफूहरुले अपतौली पूजा गर्ने परम्परालाई निरन्तरता दिदै आएका छौं।भूइया महाराजले मेरो मनकामना पुरा गर्यो। मान्ता पुरा भएपछि आफूले कबुल गरेको अनुसार आज पूजा गरेको लाख्नु सदा बताउँछन्। महोत्तरीको औरही नगरपालिका २ औरहीमा मुसहर समुदायहरुले हर्षोल्लास पूर्वक आज सोमवार आफ्नो कुल देवता 'भुइँया महाराज' पूजा गरेका छन्। दीना–भद्रीको नाउँले 'भुईया महाराज' बुझिन्छ। दीना–भद्री दुबै भाई थिए । उनको जन्म नेपालकै सप्तरीको तत्कालिन नेगारा गाविस जोगिया जाजरमा भएको थियो। उनी एउटा योद्धा थिए। मुसहर समुदायमाथि भई रहेको अत्याचार, अमानवीय व्यवहारलाई रोक्न दीना–भद्रीले प्रतिकार गरेको इतिहास छ । प्रतिकारकै क्रममा दुबै भाईको मृत्यु भयो। यो छैठौ सताब्दीको कुरा हो।दीनाभद्री सप्तरीकै कटैयामा शिकार गर्न जाँदा उनलाई तन्त्रमन्त्रमार्फ उनलाई आफ्नो मतमा लिई हत्या गराएको बताइन्छ।मुलुकका आदिवासीहरूमध्येका मुसहर जाति अझै पनि गरिब र अशिक्षित छन्। विभिन्न कारणले समाजको मूल प्रवाहमा आउन नसके पनि अति मेहनती यो समुदायको आफ्नै पहिचान र अटुट सांस्कृतिक परम्परा छ।चिसो बढी हुँदा जो कोहीले तातो पानीले नुहाएको सुनेकै हुनुपर्छ । तर उम्लिरहेको दूधबाटै स्नान गरेको सुन्दा तपाईंलाई अचम्म लाग्न सक्ला । अचम्म नमान्नुस्। तराई मधेस क्षेत्रका मुसहर समुदायमा उम्लिरहेको दूधले नुहाउने एक पर्व रहेको छ। उक्त समुदायले सोमवार सामूहिक समारोहको आयोजना गरेर तातो दूधमा स्नान गर्ने पर्व मनाएका छन्। आफ्नो लोक देवता 'भुइँया महाराज' को पूजा अवसरमा मुसहर समुदायले यस्तो कार्य गरेका हुन् । उनीहरूको 'अपतौली' पूजा र पर्वको मूल विशेषता हो, यो।

मुसहर समुदायले वर्षौंदेखि यो परम्परालाई निरन्तरता दिदै आएका छन् । सोही अन्तरगत सोमवार औरही नगरपालिका २ औरहीमा हर्षोल्लास पूर्वक उम्लिरहेको दूधबाटै स्नान गरे 'भूइया महाराज'को पूजा गरेका छन्। पूजा स्थलमा फूल, प्रसाद, परेवा, तपाउन (रक्सी), पान, सुपारीसँगै दुईवटा भाँडोमा दूधसमेत राखिएको थियो।

## *मधेस प्रदेशका आठौंवटा............*

पटक अभियानको रुपमा नै फागुन ११ गतेदेखि स्वास्थ्यकर्मीको प्रत्यक्ष सहभागिता तथा निगरानीमा हात्तीपाइले रोगविरुद्धको तीन प्रकारका औषधि खुवाउन थालिएको स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ । दुई वर्षमुनिका बालबालिका, गर्भवती महिला, सिकिस्त बिरामी तथा २४ घण्टा अगाडि ज्वरो आएका व्यक्तिले मात्र औषधि खान नमिल्ने अरू सबैले खान मिल्ने स्वास्थ्य कार्यालय धनुषाका स्वास्थ्य अधिकृत दासले बताए । धनुषाका १८ वटै पालिकामा एक साथ तीन प्रकारको औषधि मान्छेको उचाइको आधारमा खुवाउन लागिएको स्वास्थ्य कार्यालयका अर्का अधिकृत रामबाबु ठाकुरले जानकारी गराए। यस पटक खुवाइने आइभरमेक्सन, डाइफाइक्यावामिर्जान र एल्मेडाजोल निक्कै प्रभावकारी भएको स्वास्थ्य उनले बताए। एकै पटक उचाइको आधारमा खुवाइन थालेको औषधिको प्रभाव ९६ प्रतिशत रहेको विश्व स्वास्थ्य सङ्गठनको अनुसन्धानले पुष्टि गरेको ठाकुरले उल्लेख गरे। औषधि खाइसकेपछि माइक्रो फलेरियाको प्रभाव शरीरमा नभएकालाई कुनै प्रकारको स्वास्थ्य समस्या आउने छैन भने यसको जीवाणु प्रवेश गरेको व्यक्तिको हकमा सामान्य तथा धेरै भाइरस भएका व्यक्तिलाई औषधि सेवनपछि केही असर पार्ने भएकाले त्यसको उपचारको सम्पूर्ण प्रबन्ध गरिएको छ।

# यादव एक सफल कृषकको रूपमा चिनिन्छ



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ९ फाल्गुण**

सखुवानकारकट्टी गाउँपालिका-३ महादेवाका ३४ वर्षीय ललित यादव बिहानदेखि बेलुकासम्म खेतमा तरकारी उठाउनेदेखि बजारमा बेचनसम्म व्यस्त हुनुहुन्छ । गाउँपालिकामा उहाँ एक सफल कृषकको रूपमा चिनिनु हुन्छ।

ललितले आलु, गोबी, करेला, लौका, फर्सी, भण्टा, मुला, गाँजर सबै तरकारी उत्पादन गर्नुहुन्छ। उहाँले गाउँका पाँच जनालाई रोजगारी दिनुभएको छ। २०७४ सालमा स्थानीय निर्वाचनपछि वडा नम्बर-३ को वडा कार्यालयले सञ्चालन गरेको कृषि तालिमले उहाँलाई तरकारी र अन्न बालीको विषयमा थप ज्ञान भएको छ।

ललित यो वर्षको वर्षायाममा ८७ क्विन्टल धान उत्पादन गर्नुभएको छ। उहाँ तरकारीसँगै जग्गा ठेक्कामा लिएर धानको उत्पादनमासमेत लाग्नुभएको छ। उहाँ प्रत्येक दिन मोटरसाइकलमा तरकारी बोकेर लहानको मुख्य चोकमा रहेको थोक बिक्रेतालाई तरकारी पुर्याउने गर्नुहुन्छ। तरकारी खेतीसँगै चैते धान उत्पादन गरेर ललितले राम्रो आम्दानी गरिरहेको देखेर गाउँका अन्य युवासमेत खेतीमा आकर्षित भएका छन्। सखुवानकारकट्टी गाउँपालिका वडा-३ का वडाध्यक्ष भोगेन्द्र प्रसाद यादवले बताउनुभयो।

लहान नगरपालिकादेखि दक्षिणमा पर्ने सखुवानकारकट्टी र भगवानपुर गाउँपालिका धान र गहुँ खेतीको लागि पकेट क्षेत्र हुन्। परम्परागत रूपमा खेती गर्दै आइरहेका कृषकलाई स्थानीय तहले दिएको कृषि सम्बन्धी तालिमले राम्रो प्रभाव पारेको सखुवानकारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवले जानकारी दिनुभयो।

गाउँपालिकामा ललित यादव जस्तै नयाँ पुस्तालाई प्रेरणा दिने कृषक रहेको भन्दै उहाँले खुसी व्यक्त गर्नुभयो । यादवले पाँच जना युवालाई रोजगारी दिएर वार्षिक पाँच लाख बढी आम्दानी गर्दै आउनुभएको छ।

## *अध्यक्ष पदका चार उमेदवार.................*

ध्यान दिईने घुम्ती शौचालयको ब्यवस्था मिलाईने बर्दिवास चोकमा भएको एकमात्र शौचालय सडकभित्र परेकाले जुनसुकै समयमापनी भत्किन सक्ने हुनाले शौचालयकोलागी शौचगर्ने नयाँ स्थानको खोजीगरीने संस्थामा उठेका पानीको महसुललाई बैकिङ्ग प्रणाली अपनाउने खानेपानीको दिर्घकालिन ब्यवस्थापनकालागी पानीको नयाँ मुहान खोज्ने लगायतका बिषय समेटिएको छ।

त्यसैगरी देबनारायण महतोले पत्रकार सम्मेलन मार्फत खानेपानी संस्था भित्र भएको अनियमितता‌मा तात्कालिन कार्य समिती एकजुट भई भ्रस्टाचार गरेको आरोप लगाएका छन् । उनले बर्दिवासको राजनैतिकदल तथा सामाजिक क्षेत्रमा क्रियाशिल मान्छेहरु बिभिन्न पार्टीभित्र रहेपनी आर्थिक अनियमिततामा उनिहरु एकजुट हुने गरेको बताएका छन् । महतो प्यानलको चुनाबी प्रतिबद्धतापत्रमा उनको प्यानल निर्वाचनमा बिजयी भए कुनै प्रभाब र प्रलोभनमा नफसी आम उपभोक्ताको हितकोलागीमात्र काम गर्ने जनाएका छन्। सो प्यानल बिजयी भए बर्षा याममा समेत फिल्टराईजेसन सहितको शुद्ध खानेपानीको ब्यवस्थागर्ने, नयाँ खानेपानी मुहानको खोजी गरी खानेपानीको समस्यालाई दिर्घकालिन रुपमै समाधान गरीने धारामा सेन्सर जडान गरीने रातु नदीको सिपेज पानीलाई बर्दिवासवासीको घर,घरमा पुर्याईने पानीको महसुललाई घटाएर ५० रुपैंया कायम गरीने पुरीएको सडक छेउको नालाको जिर्ण उद्धार गरीने शौचालयको उचित ब्यवस्थापन लगायको बिषय प्रतिबद्धतापत्रमा समेटिएको पत्रकार सम्मेलन मार्फत जानकारी दिईएको छ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला

वृष: खानपानमा समस्या आउने

मिथून: अनावश्यक चिन्ता

कर्कट: अशुभ समाचार प्राप्त हुने

सिंह: आम्दानी हुने

कन्या: अनावश्यक खर्चको संभावना

तुला: पिछडेको साथी मिल्ने

वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने

धनु: मित्रतामा फाटो आउने

मकर: लामो यात्राको योग छ

कूम्भ: मनमा पछुतो आउने

मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर


| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# जो बाइडेन अचानक युक्रेन पुगे, कसरी गोप्य राखियो यो यात्रा ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ फाल्गुण



'न्युयोर्क टाइम्स'का अनुसार अमेरिकी राष्ट्रपति जो बाइडेनलाई पोल्यान्डको सिमानामा निकै गोप्य तरिकाले ट्रेन चढाएर युक्रेन लगिएको थियो । पोल्यान्डबाट अचानक युक्रेनको राजधानी किभ पुगेका बाइडेनको भ्रमणलाई सुरक्षाको कारणले निकै गोप्य राखिएको थियो । अहिले राष्ट्रपति बाइडेनले युक्रेनबाट निस्किसकेको बताइएको छ ।

केही रिपोर्टमा शनिवार, बाइडेनले आफ्नी श्रीमती जिलसँग रेस्टुरेन्टमा डिनर गरेको र त्यसपछि गोप्य रूपमा वासिङ्टन प्रस्थान गरेको बताइएको छ । यद्यपि, यसअघि अधिकारीले पूर्वी युरोपको निर्धारित भ्रमणमा बाइडेन युक्रेन जाने कुरा अस्वीकार गरेका थिए ।

न्युयोर्क टाइम्सले लेखेको छ, 'आइतबार राति ह्वाइट हाउसले जारी गरेको राष्ट्रपतिको कार्यतालिका अनुसार राष्ट्रपति सोमबार वासिङ्टनमै बस्ने र साँझ वार्सा प्रस्थान गर्ने थियो, जबकि त्यो बेलासम्म उनले आफ्नो आधा यात्रा पूरा गरिसकेका थिए ।' एक वर्षअघि रुसले युक्रेनमा आक्रमण गरेपछि अमेरिकी राष्ट्रपतिको यो पहिलो भ्रमण हो ।

यसअघि बाइडेन पोल्यान्डका राष्ट्रपति एन्ड्रेज डुडालाई भेट्न गएका थिए ।

# स्थिर ब्याजदरमा कर्जा लिन राष्ट्र बैंकको अपिल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ फाल्गुण




पछिल्लो समय बैंकको ब्याजदरलाई लिएर समस्या आएको र सर्वसाधारणदेखि उद्योगी व्यवसायीहरुसमेत बैंक विरुद्ध आन्दोलनमा उत्रिन थालेपछि केन्द्रीय बैंकले स्थिर ब्याजदर कार्यान्वयनमा जोड दिएको हो ।

ब्याज र आम्दानीमा तालमेल नभएमा कर्जा भुक्तानीमा समस्या आउन सक्नेतर्फ सचेत गराउँदै राष्ट्र बैंकले व्यक्तिगत कर्जामा स्थिर ब्याजदरमा जान सबैमा अनुरोध गरेको हो । 'निश्चित आय भएका व्यक्तिले परिवर्तनशील ब्याजदरमा कर्जा उपयोग गर्दा आम्दानी र खर्चबीच सामञ्जस्यता हुन नसक्ने र कर्जा भुक्तानीमा समस्या हुने अवस्थालाई ध्यान दिई व्यक्तिगत कर्जाहरु स्थिर ब्याजदरमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको हो' राष्ट्र बैंकले एक सूचनामार्फत भनेको छ, 'स्थिर ब्याजदरमा कर्जा उपयोग गर्दा ब्याज रकम बढ्दैन र निर्धारित अवधिमै कर्जा भुक्तानी गर्न सकिन्छ । यसले निश्चित आय भएका व्यक्तिको वित्तीय अवस्थामा नकारात्मक असर समेत पर्न दिँदैन ।'

अस्थिर ब्याजदरका कारण ऋणीको ब्याज र आम्दानीमा तालमेल नमिलेर समस्या आएको बैंकले जनाउँदै केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिँदा ब्याजदरको बारेमा पूर्ण जानकारी लिनुपर्नेमा समेत सचेत गराएको छ ।


## सूचना

राष्ट्रिय हात्तिपाईले रोग नियन्त्रण कार्यक्रम २०७९

२०७९ फाल्गुण ११ देखि शुरू हुन गइरहेको

**आम औषधी सेवन अभियान**

सबैले हात्तिपाईले रोग (फाईलेरिया) विरूद्धको औषधी सेवन गरौं !

अशक्त, अपाङ्ग र कुरूप गराउने दीर्घ रोगबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं !!

महत्वपूर्ण जानकारी

- लक्षण नदेखिए पनि शरीरमा हात्तीपाइले रोगको परजीवी हुनसक्छ ।
- यो रोग लागिसकेपछी पुरै निको पार्न सकिदैन ।
- बेलैमा औषधी खाएमा शरीरको परजीवी नष्ट हुन्छ, रोग लाग्दैन र परिवार तथा समुदायका अरूलाइ पनि सर्दैन ।
- आम रूपमा सेवन गरिने हात्तीपाइले बिरूद्धका औषधीहरू अत्यन्तै प्रभावकारी र सुरक्षित छन् ।



रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी

## कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी


# 'आरआरआर' 'फिल्म आफ द इयर' घोषित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ फाल्गुण




एसएस राजामौलीको फिल्म 'आरआरआर' ले 'फिल्म आफ द इयर' घोषित भएको छ । 'दादा साहेब इन्टरनेशनल फिल्म फेस्टिवल अवार्ड' मा आरआरआरले 'फिल्म आफ द इयर' प्राप्त गर्दा 'कश्मीर फाइल्स' बेष्ट फिल्म घोषित भयो ।

सोमबार साँझ मुम्बईमा आयोजित अवार्ड सेरोमनिमा अभिनेत्री आलिया भट्ट फिल्म 'गंगुबाई काठियावाडी' अभिनयका कारणले सर्वश्रेष्ठ अभिनेत्री र रणवीर कपूर 'ब्रह्मास्त्र'को कारण सर्वश्रेष्ठ अभिनेता चुनिए । कार्यक्रममा 'कान्तारा' अभिनेता ऋषभ शेट्टीले सर्वश्रेष्ठ प्रामिसिङ्ग अभिनेता घोषित भए ।

अवार्डमा वरुण धवनको 'भेडिया'को लागि क्रिटिक्स बेस्ट एक्टर अवार्ड गरियो । अनुपमखेरको कश्मीर फाइलको लागी मोस्ट भर्सटाइल एक्टर छानिएको कार्यक्रममा फिल्म अभिनय योगदानको लागि अभिनेत्री रेखालाई सम्मान समेत प्रदान गरिएको थियो ।

# अभ्यस्त पिचले सफलता दिलायो : कप्तान पौडेल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ फाल्गुण



स्कटल्याण्ड, नामिबिया र नेपाल सम्मिलित त्रिकोणात्मक श्रृंखला स्वीप गरेपछि नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले अभ्यस्त पिचबाट नेपाली टोलीले सफलता निकालेको बताएका छन् ।

कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको मैदानमा सम्पन्न श्रृंखलाको अन्तिम खेलमा नेपालले च्याम्पियन स्कटल्याण्डमाथि २ विकेट रोमाञ्चक जितपछि कप्तान पौडेलले घरेलु मैदानमा गरेको अभ्यासले सफलता मिलेको बताएका हुन् । नेपाललाई रोमाञ्चक जित दिलाएका रोहितले जितपछि आफूलाई निकै राहत मिलेको बताए ।

यही श्रृंखला क्लिन स्विप भएपछिको पत्रकार सम्मेलनमा कप्तान रोहितले अभ्यस्त मैदानमा सफलता मिलेको बताएका हुन् ।

उनले युएईमा हुन लागेको अर्को श्रृंखलामा पनि यसै लयलाई निरन्तरता दिने लक्ष्य लिएको बताए । दुबईमा हुने श्रृंखलाका लागि खेलाडीको विषयलमा छलफल भइरहेको समेत जानकारी दिए ।


## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं ।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं । सदैब चर्पीको प्रयोग गरौं ।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं । व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं ।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं ।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं ।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं ।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं ।

जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी

"Education Is The Light Of Life"

**NAME**

COACHING & TRAINING CENTER PVT. LTD.

Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)

Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | - H.A.<br>- Staff Nurse<br>- D-Pharmarcy<br>- CMLT (Lab)<br>- Opthalmic Science<br>- Diploma in Civil, Electrical Mechanical Engineering<br>- Lab Technician | · Science<br>· Management<br>· CMAT Preparation |

लोक सेवा आयोग

(१) खरिदार,ना.सु., अधिकृत (२) प्रहरी सेवा (३) शिक्षक सेवा (४) बैंक सेवा (५) शिक्षा सेवा (६) महिला विकास (७) स्वास्थ्य सेवा (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरु

१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. विहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था ।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रवार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरूका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरूका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्युनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था ।




9854025530 / 9824885783

# २१औँ शताब्दीमा मातृभाषाको महत्त्व

-तत्कालीन पूर्वी पाकिस्तान अर्थात् अहिलेको बङ्लादेशको राजधानी ढाकामा २१ फेब्रुअरी १९५२ मा बङ्लालाई राष्ट्रभाषा बनाउनुपर्ने माग राख्दै भाषिक आन्दोलन भयो। सो प्रदर्शनमा प्रहरीको गोली लागेर धेरै विद्यार्थीले सहादत प्राप्त गरे। संयुक्त राष्ट्र सङ्घले सोही दिनको सम्झनामा प्रत्येक वर्ष मातृभाषा दिवसको रूपमा मनाउँदै आएको छ। २१औँ शताब्दीमा पनि मातृभाषाको महत्त्व छ। मातृभूमि, माता र मातृभाषाको महत्त्व कहिल्यै कम हुने छैन। विश्वका धेरै देशमा अहिले पनि मातृभाषाको विकास, राजकीय संरक्षण र मान्यता दिनुपर्ने विषयलाई लिएर शान्तिपूर्ण प्रदर्शन भइरहेका छन् । हाम्रो देशको संविधानको प्रस्तावनामा पनि नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधायुक्त बहुभाषिक राष्ट्रको रूपमा स्वीकार गरिएको छ । तर अझै पनि मातृभाषाहरूको विकास एवं मान्यताको निम्ति यथोचित पाइला चाल्न सकिएको छैन । सरकारले भाषाकर्मीहरूले र सामाजिक सङ्घ, संस्थाका प्रतिनिधिले पनि यस दिशामा धेरै कार्य गर्नुपर्ने आवश्यकता छ।

पञ्चायतकालीन निर्दलीय संविधानमा नेपाली भाषालाई राष्ट्रभाषा मानिएको थियो । यो नै नेपालको निर्विकल्प सरकारी कामकाजको भाषा थियो। सरकारद्वारा घोषित एक भाषा नीतिका कारण नेपालमा बोलिने अन्य भाषाहरू उपेक्षित अवस्थामा थियो। प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषका रूपमा मान्यता दिएको थियो तर त्यो संविधानको पानामा मात्रै सीमित थियो । काठमाडौँ महानगरपालिकाले नेवारी तथा राजविराज एवं जनकपुर नगरपालिकाले मैथिली भाषामा कामकाज सुरु गर्न थाल्दा सम्मानित सर्वोच्च अदालतले त्यसमाथि रोक लगाएको थियो। संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानुनअनुसार आफ्नो मातृभाषामा शिक्षा हासिल गर्न सक्ने छन् । जनआन्दोलन-२ को सफलतापश्चात् बनेको अन्तरिम संविधानमा मातृभाषाप्रति थप उदारता देखियो। देशका प्रमुख राजनीतिक दलहरू नेपालमा बोलिने मातृभाषाहरूलाई राष्ट्रभाषाका रूपमा पहिचान दिन सामूहिक रूपमा प्रतिबद्धता पनि जनाए। नेपालको संविधान २०७२ लाई निरन्तरता पनि दिइएको छ तर २०७४ मा सम्पन्न निर्वाचनमा देशका प्रमुख राजनीतिक दलहरू मातृभाषाका सम्बन्धमा उदासिन देखिनुले देशमा मातृभाषाको भविष्य उज्ज्वल नरहेकोतिर सङ्केत गरिरहेको छ । संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुभाषिक भनिएको छ। धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाका रूपमा मान्यता दिइएको छ। धारा ७(१) मा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिइएको छ। धारा ७(२) मा नेपाली भाषाका अतिरिक्त प्रदेश सरकारहरूले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषालाई प्रदेशको कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा रूपमा प्रयोग गर्न सकिने छ भनिएको छ। धारा ७ (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारद्वारा निर्णय गरिएअनुसार हुने व्यवस्था छ। मातृभाषामा शिक्षाको सम्बन्धमा पनि हाम्रो संविधानमा धेरै कुरा उल्लेख भएको पाइन्छ । संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानुनअनुसार आफ्नो मातृभाषामा शिक्षा हासिल गर्न सक्ने छन्। यसको निम्ति विद्यालय तथा शैक्षिक संस्थान खोली सञ्चालन गर्न पाउने व्यवस्था छ। त्यसैगरी भाषा र संस्कृतिको हकअन्तर्गत धारा ३२ (१) मा प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार प्राप्त हुनेछ भन्ने उल्लेख छ। धारा ३२ (३) ले नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन एवं संरक्षण गर्न पाउने अधिकार दिइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका र नगरपालिकाको शिक्षासम्बन्धी अधिकारमा मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालयको अनुमति, अनुगमन तथा नियमनका साथै भाषा संस्कृतिको संरक्षण एवं विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन तथा अनुगमन एवं नियमन गर्ने जिम्मेवारी दिइएको छ । त्यसैगरी शिक्षा ऐन २०२८ (नवौँ संशोधन २०७४)को दफा ७ को उपदफा (१) मा प्राथमिक शिक्षा मातृभाषामा प्रदान गर्न सकिने व्यवस्था छ । तर व्यवहारमा यो लागू भएको छैन । मातृभाषामा प्राथमिक शिक्षालाई अनिवार्य नगरिएसम्म मातृभाषाको संरक्षण र संवर्द्धन सम्भव हुन सक्दैन । एक वर्षपछि एक जना सदस्य थपिएको छ जब कि समावेशी




आधारमा महिलासहित भाषाविज्ञबाट र विज्ञ सूचीमा रहेका विज्ञ र कर्मचारीको मनोनयन बाँकी नै छ। मातृभाषाप्रति दलहरूको उदासिनताका कारण नै संविधानमा रहेका प्रावधान एवं अधिकारहरूलाई कार्यान्वयनमा ल्याउने काम हुन सकिरहेको छैन। संविधानले सरकारी कामकाजको भाषा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई तोकेको छ। प्रदेशमा भन्ने बहुसङ्ख्यकले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश कानुन बमोजिम नेपाली भाषाको अतिरिक्त सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधान राखिएको छ। त्यसका लागि आधार तय गर्ने र सरकारलाई सिफारिस गर्ने जिम्मा भाषा आयोगलाई दिइएको छ । भाषा नीतिसँग सम्बन्धित यस आयोगले एक वर्षमा पनि पूर्णता पाउन सकेन। एक वर्षपछि एक जना सदस्य थपिएको छ जब कि समावेशी आधारमा महिलासहित भाषाविज्ञबाट र विज्ञ सूचीमा रहेका विज्ञ र कर्मचारीको मनोनयन बाँकी नै छ। भाषा आयोगले पूर्णता पाओस् र यसले द्रुतगतिमा आफ्नो कार्यको थालनी गरी सरकारलाई प्रतिवेदन समयमै बुझाओस् भन्ने चिन्ता न त मातृभाषी समुदाय, भाषिक अभियन्ता, भाषाविज्ञ तथा गैरसरकारी सङ्घसंस्थाका अभियन्ताहरूलाई नै छ, न त भाषाको नाममा राजनीति गर्ने जातीय सङ्ठन र राजनीतिक दलहरूलाई नै । सरकारमा जाने एकोहोरो अभियानमा लागेका दलहरू पनि यसमा गम्भीर हुनु आवश्यक छ। कुनै पनि व्यक्ति आफ्नोपनको अनुभूति मातृभाषामा नै गर्न पाउँछन्।

*सांभार: रातोपाटी ।*


## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: दिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला





## सूचना




सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी

## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं ।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं । सदैब चर्पीको प्रयोग गरौं ।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं । व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं ।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं ।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं ।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं ।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं ।

बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday